**सम्बत् २०७६ साल मंसिर २३ गते सोमवार दिनको ०३:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुरमा बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरूको मुख्य व्यहोरा देहायबमोजिम रहेको छ -**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालय - प्रदेश अनुसन्धान ब्यूरो (गठन तथा सञ्चालन) सम्बन्धमा कानूनी व्यवस्था गर्न विधेयक तर्जुमा गर्ने सम्बन्धमा तयार गरिएको अवधारणा पत्र स्वीकृत गर्ने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालय - स्थायी सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत नभएसम्म आ.व. २०७६/७७ को श्रावण १ गते देखि नै लागू हुने गरी सञ्चार रजिष्ट्रारको कार्यालयको अस्थायी सङ्गठन संरचना एवं दरबन्दी स्वीकृत गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालय - सार्वजनिक निजी साझेदारी विज्ञ को रूपमा ओखलढुङ्गा निवासी प्राध्यापक विष्णु बहादुर लुईटेललाई मनोनयन गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालय - जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ स्वीकृत गर्ने।

५. भौतिक पूर्वाधार विकास मन्त्रालय - प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि)(पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृति गर्ने

६. सामाजिक विकास मन्त्रालय - मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ संशोधन सहित स्वीकृत गर्ने।

७. सामाजिक विकास मन्त्रालय - अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेश स्तरीय समितिको गठन गर्ने तथा काम, कर्तव्य र अधिकार तोक्ने।

८. सामाजिक विकास मन्त्रालय — तेह्रौं दक्षिण एशियाली खेलकुद (SAG) प्रतियोगितामा पदक जित्ने खेलाडीलाई पुरस्कार वितरण गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।**